# वीरगंज महानगरपालिका, नगरसभाको
# नवौं अधिवेशन

## आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट

२०७८ साल असार १० गते

## वीरगंज महानगरपालिका

वीरगंज, पर्सा

प्रदेश नं. २

**http//:birgunjmun.gov.np**

**अध्यक्ष महोदय तथा नगरसभा सदस्यज्यूहरु,**

१) विश्वव्यापी रुपमा फैलिएको कोभिड संक्रमणका कारण मानव सभ्यता माथि नै संकट देखा परेको छ । विश्वभर लाखौ मानिसहरुले ज्यान गुमाउन पुगेका छन । मानिसहरु संक्रमित हुने दर लाखौको संख्यामा बढदो छ । कोरोना भाइरसको कारण मृत्युवरण गरेका स्वदेश तथा विदेशमा रहनु हुने नेपाली नागरिक सहित सवैमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । मृत्युवरण गर्ने व्यक्तिका परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दछु । कोरोना संक्रमणबाट संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोरोना संक्रमणबाट वच्न तोकेको स्वास्थ्य मापदण्ड पालना गर्न सम्पूर्ण महानगरवासीमा अपिल गर्दछु ।

२) देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन बलिदान दिनुहुने ज्ञात अज्ञात अमर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाईते तथा अंगभंग हुनु भएका योद्धाहरुमा उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

३) कोभिड संक्रमण विरुद्धको अभियानमा अग्र मोर्चामा रहेर मानवीय सेवामा लाग्नुहुने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, संचारकर्मी लगायत सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, विभिन्न सामाजिक संघसंस्था, उद्योगी व्यवसायी, नागरिक अगुवाहरु र आम नगरवासीलाई समेत यस कठिन घडीमा खेल्नु भएको भूमिका प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । जोखिमको यस घडिमा अप्ठ्यारोमा परेका नागरिकलाई सहयोग पुऱ्याउनु हुने सम्पूर्ण संघ संस्था र सामाजिक अभियन्ताहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु । आगामी दिनहरुमा समेत यहाँहरुको साथ सहयोग र सहभागीताको लागि थप महत्वपूर्ण योगदान को अपेक्षा गरेको छु ।

४) कोरोना भाइरस संक्रमणको कारण उत्पन्न कठिन परिस्थितिमा वीरगंज महानगरपालिकाले यहाँका नागरिकको जीवन रक्षाका लागि हातेमालो गर्न आव्हान गरेकोमा साथ सहयोग गर्ने उद्योगी व्यवसायी, समाजसेवीहरु, विभिन्न संघसंस्था, निजी क्षेत्रबाट संचालित औद्योगीक प्रतिष्ठानहरु, बैकिङ्ग तथा वित्तीय क्षेत्रहरु, प्रमुख राजनीतिक दलका नेतृत्ववर्ग, नागरिक समाज, संचारकर्मी लगायत आम जनसमुदायबाट सम्पूर्ण आर्थिक तथा भौतिक सामाग्री उपलब्ध गराई सहयोग पुऱ्याउनु भएकोमा हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

५) पहिलो चरणमा देखिएको कोरोना भाइरस संक्रमणका कारण अस्तव्यस्त वनेको जनजीवन समान्य तर्फ उन्मुख नहुदै फेरी दोस्रो चरणको कोभिड संक्रमणको चपेटामा हामी परेका छौ । अघिल्लो भन्दा यस पटकको भाइरसले ठूलो संख्यामा मानिसहरु संक्रमित हुने र मृत्युदर समेत उच्च देखिएको छ । सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्वन्धी मापदण्ड पालना हुन नसक्दा समुदाय स्तरमा कोरोना संक्रमण भयावह रुपमा फैलिएको तथा हरेक घरमा नागरिक संक्रमित हुने र संक्रमणमा परेको केही दिनमा स्वास्थ्यमा गम्भिर समस्या उत्पन्न भई ICU र Ventilator मा समेत उपचार गराउनु पर्ने स्थिति देखापऱ्यो ।

६) नेपाल सरकारले अघिल्लो चरणमा समेत कोभिड विरुद्धको अभियानमा स्थानीय सरकारलाई सहयोग नगरेको कारण वीरगंज महानगरपालिकाले आन्तरिक स्रोतबाट खर्च गर्ने गरी निजी अस्पताललाई कोभिड अस्थायी अस्पतालको रुपमा संचालन गरेर जनताको जीवन रक्षाका लागि आफ्नो जिम्मेवारी निर्वाह गरेको थियो । अघिल्लो पटक महानगरपालिकाले एक घर एक पिसिआरको अवधारण ल्याएर केही वडाहरुमा परिक्षण समेत हुदै गर्दा संघीय सरकारको सहयोग पूर्ण रुपमा पाउँन नसक्दा हामीले लिएको लक्ष्य अनुसारको कार्य सफलताका साथ सम्पन्न गर्न नसकिएको अवस्था भएन ।

७) यस पटक पनि नेपाल सरकारको कोभिड नियन्त्रण सम्वन्धी निर्देशिका र जिल्ला स्थित कोभिड संक्रमण व्यवस्थापन केन्द्र (DCCMC) को निर्णय अनुसार गोपाल मण्डली धर्मशालालाई भाडामा लिएर २३० वेड क्षमताको आइसोलेशन तथा अस्थायी कोभिड अस्पताल संचालन गरिएको थियो ।

८) महानगरपालिकाले संचालन गरेको अस्थायी कोभिड अस्पतालमा विशेषज्ञ डाक्टर सहित मेडिकल स्टार्फ, स्वास्थ्यकर्मी, सफाईकर्मी सहितको टिम उपचारमा संलग्न रही यस क्षेत्रका ७० जना कोरोना संक्रमितको उपचार गरिएको छ । संक्रमितलाई खाजा, खाना, औषधी लगायत उपचारमा लाग्ने सम्पूर्ण खर्च महानगरपालिकाले निशुल्क रुपमा उपलब्ध गराएको हो । उपचारमा संलग्न डाक्टर, स्वास्थ्यकर्मी, प्यारामेडिकल स्टार्फ, कर्मचारी र सफाईकर्मी प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु । कोभिड अस्पताल संचालन गर्न आफ्नो धर्मशाला उपलब्ध गराउने गोपाल मण्डली सेवा समिति प्रति समेत आभार प्रकट गर्दछु ।

९) वीरगंजमा देखा परेको कोभिड संक्रमणबाट अप्ठ्यारोमा परेका नगरवासीको जीवन रक्षाको लागि अक्सिजन बैंक स्थापना गरी हरेक संक्रमितको घरघरमा लगेर अक्सिजन सेवा प्रवाह गरिएको छ । हाल सम्म वीरगंजमा वसोवास गर्ने एक हजार पैतिस जना संक्रमितलाई अक्सिजन सेवा उपलब्ध गराई वचाउने काम गरिएको छ । अक्सिजन बैंक स्थापनामा सहकार्य गर्ने लायन्स क्लवका वीरगंज र वाराको शाखाहरुलाई धेरै धन्यवाद दिन चाहन्छु । अक्सिजन बैंक स्थापना गर्न अक्सिजन सिलिन्डर उपलब्ध गराउने वीरगंज हेल्थ केयर लगायत विभिन्न औद्योगीक प्रतिष्ठान र उद्योगहरुले समेत अक्सिजन सिलिण्डर उपलब्ध गराएर सहयोग गर्नु भएकोमा उहाँहरु प्रति समेत धन्यवाद ज्ञापन गर्न चाहन्छु । संक्रमितको घरदैलोमा अक्सिजन सिलिण्डर पुऱ्याएर उच्च मानवीय सेवाको भावका साथ जोखिमपूर्ण अवस्थालाई समेत प्रवाह नगरिकन काम गर्ने नगर प्रहरी इन्चार्ज सहितको टोलीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

१०) वीरगंज महानगरपालिकाले कोभिड संक्रमितहरुलाई वीरगंजका विभिन्न अस्पतालमा उपचारार्थ भर्ना गराउन दुई वटा एम्वुलेन्स खरिद गरि निःशुल्क रुपमा संचालन गरिएको छ । मृतकहरुको शव व्यवस्थापनका लागि एउटा शव वहान समेत संचालन गरेको छ । वीरगंज महानगरपालिकाको साझेदारीमा पूर्वाधार विकास साझेदारी कार्यक्रम रकमबाट एम्वुलेन्स खरिद गरिएको हो ।

११) यस पटक कोभिड संक्रमणमा परेकाहरुको स्वास्थ्य अवस्था जटिल वन्ने गरेको छ, कोभिडले सिधै फोक्सोमा आक्रमण गर्दा अक्सिजन लेवल घटदै जाने र विरामीले समयमा अक्सिजन र उपचार नपाउदा मृत्यु हुने गरेकोले अक्सिजन प्रयोग गर्ने संक्रमितको संख्या बढी देखियो । वीरगंजका अस्पतालमा समेत अक्सिजनको अभाव हुने स्थिति सृजना भयो । वीरगंजका केही निजी अस्पतालहरुलाई महानगरपालिकाले अक्सिजन सिलिण्डर उपलब्ध गराउनु पर्‍यो ।

१२) वीरगंज महानगरपालिकाले नारायणी अस्पतालमा पाँच सय लिटर क्षमताको अक्सिजन प्लान्ट निर्माणका लागि टेन्डर गरि सकेको छ । टेण्डर लिने कम्पनीले समयमा काम नगर्दा हाल सम्म अस्पतालमा अक्सिजन प्लान्ट जडान हुन सकेको छैन । पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट खर्च हुनेगरी अक्सिजन प्लान्ट निर्माणका लाडि टेण्डर स्वीकृत भइसकेको छ ।

१३) कोभिड विरुद्ध सतर्कता अपनाउन र आम नागरिकको जीवन रक्षाको लागि जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) को निर्णय अनुसार गत वैशाख १६ गते देखि गरिएको निषेधज्ञाको कारण दैनिक ज्याला मजदुरी गरी गुजारा चलाउदै आएका नागरिकको लागि विभिन्न संघ संस्थाहरुले निःशुल्क भोजन संचालन गरेकोमा महानगरपालिकाले पनि त्यस्ता संस्थाहरुलाई चाहिने चामल, दाल र तेल उपलब्ध गराउदै आएको छ । हाल सम्म १५ वटा सँस्था र अप्ठारोमा परेका दुई सय घर परिवारलाई एक सय छ क्विन्टल चामल, चौध क्वीन्टल दाल, चार क्वीन्टल खाने तेल, चार क्वीन्टल आलु, डेढ क्वीन्टल प्याज, एक क्वीन्टल नुन उपलब्ध गराएको छ । अप्ठ्यारोमा परेका नागरिकलाई निःशुल्क खाना खुवाउने संस्थाहरुलाई हृदय देखि नै धन्यवाद दिन चाहन्छु ।

१४) अघिल्लो बर्ष कोभिडको मारमा परेको ज्याला मजदुरी गरि खानेहरुलाई राहत वितरण गरिएको थियो, त्यसपटक गरिवको लागि वितरण गरिएको राहतमा सम्पन्न परिवारले समेत लिएको भन्ने गुनासो महानगरपालिकामा आएकोले यस पटक खाना पकाएर निःशुल्क रुपमा खुवाउने संस्थाहरुलाई नै खाद्यान्न उपलब्ध गराइएको हो । महानगरपालिकाको यस कार्यमा खाद्यान्न उपलब्ध गराएर सहायोग गर्ने शिवशक्ति एग्रि प्रा.लि, जगदम्वा ग्रुप, निम्वस ग्रुप लगायतका उद्योग प्रतिष्ठान र संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

१५) वीरगंज महानगरपालिकाले होम आइसोलेशनमा उपचार गरिरहेका संक्रमितहरुको लागि आवश्यकता अनुसारको औषधी र इम्युनिटी पावर वढाउने आयुर्वेदिक औषधी घर घरमा वितरण गरिएको छ । वडा समिति र महानगरपालिका कार्यालयबाट सात सय पचास संक्रमितलाई औषधी उपलब्ध गराइएको छ । त्यस कार्यमा सहयोग पुर्‍याउने वडा समितिका जनप्रतिनिधि र कर्मचारीलाई धन्यवाद दिन चाहन्छु ।

१६) कोभिड संक्रमणका कारण अर्थतन्त्रमा नकरात्मक प्रभाव परेको छ, उत्पादन क्षेत्र धारासायी हुने अवस्थामा पुगेको छ, हजारौ श्रमजिवी वर्गले रोजगारी गुमाउनु परेको छ, यस्तो जटिल अवस्थामा महानगरपालिकाले तय गरेका कतिपय विकास निर्माणका कामहरु समेत सम्पन्न गर्न सकिएन । स्थानीय सरकारको पहिलो दायित्व कोभिड संक्रमणबाट नागरिकलाई वचाउनु थियो,

वीरगंज महानगरपालिकाले विकास निर्माणका कामहरु रोकेर जनताको जीवन रक्षाका लागि संक्रमितहरुको उपचारमा केन्द्रित हुनु पऱ्यो । करिव डेढ बर्षको अवधि कोरोना संक्रमणले निम्त्याएको महामारी र त्यसको नियन्त्रणमा व्यतीत गर्नु परेको तीतो यथार्थ यहाँहरु समक्ष राख्न चाहन्छु ।

१७) मूलुक एकातिर कोभिडको चपेटाबाट गुज्रिरहेको छ भने अर्को तर्फ राजनीतिक दलहरु वीचको असमझदारीका कारण संविधान नै अप्ठारोमा पर्ने हो की भन्ने चिन्ता नागरिक स्तरबाट व्यक्त गर्न थालिएको छ । राजनीतिक स्थायित्व नभए सम्म मूलकमा विकास निर्माणका कामहरुले गति लिन नसक्ने र कानुन कार्यान्वयन गर्न समेत अप्ठारो परिस्थिति उत्पन्न हुने भएकोले यस तर्फ सचेत भएर देश र जनताको हितलाई केन्द्रमा राखी निर्णय लिन प्रमुख राजनीतिक दलका नेतृत्व समक्ष अपिल गर्दछु । नेपाली जनताको वलिदानीपूर्ण आन्दोलनबाट प्राप्त संघीय लोकतान्त्रीक गणतन्त्र माथि नै संकट निम्त्याउने गरी हुने जुनसुकै कदमले देश र जनताको भलो नहुने भएको हुदाँ इष्या, कुण्ठा र अंहकारको राजनीति त्यागेर जनताको सर्वोच्चता, विधिको शासन र नेपालको संविधानको मर्म भित्र रहेर अगाडि बढन सके मात्र सच्चा राष्ट्रप्रेमी हुन सकिन्छ भन्ने हेक्का सवै राजनीतिक दलका नेतृत्वले गर्न सक्नु पर्दछ, यसबाट जनता प्रति जवाफदेही र उत्तरदायी वन्न सकिने तर्फ सवैको ध्यानाकर्षण गर्न चाहन्छु ।

१८) संघ, प्रदेश र स्थानीय तीनै तह संविधानले दिएको अधिकार प्रयोग गर्दै मुलुकलाई दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षा पुरा गर्न प्रतिवद्ध भएर लागि परेका छन् । संविधान बमोजिम स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट निर्माण गर्ने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने गर्दछ ।

१९) नेपालको संविधानको भाग-१९ स्थानीय आर्थिक कार्य प्रणालीमा कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउने, उठाउने र ऋण लिन नपाउने व्यवस्था र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजश्व र व्ययको अनुमान नगरसभामा पेश गरी पारित गराउनु पर्ने संवैधानिक व्यवस्था रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ (३) मा नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गते भित्र आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान सम्बन्धित नगर सभामा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । प्रस्तुत संवैधानिक तथा कानूनी प्रावधान बमोजिम नगर कार्यपालिकाले तोकिएको समय भित्रै नगरसभामा आय व्ययको अनुमान पेश गरी कानूनी शासन तथा जनउत्तरदायी शासन व्यवस्था प्रतिको दृढ विश्वास कायमै राखेको छ ।

२०) कोभिड संक्रमणका कारण विकास निर्माणका कामले गति लिन नसकेको अवस्थामा पनि वीरगंज महानगरपालिकाले लिएका नीति तथा कार्यक्रमबाट हासिल गरेका उपलब्धी र यस अवधिमा हामीले कार्य सम्पादन गर्दा भोग्नु परेका समस्या र परिस्थितीका बारेमा समेत समीक्षा गर्नेछौं । साथै आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम यस गरिमामय अधिवेशनमा प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भैरहेको छ ।

## गत आर्थिक वर्ष २०७६/०७७ को यथार्थ

अध्यक्ष महोदय,

२१). अब म आर्थिक वर्ष २०७६/०७७ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न गइरहेको छु । आर्थिक वर्ष २०७६/०७७ का लागि रु ४ अर्ब ४८ करोड १३ लाख ४८ हजारको कुल व्ययको अनुमान गरिएकोमा आर्थिक वर्षको अन्त्यमा यथार्थमा रु. ३ अर्ब ९ करोड ५६ लाख ६४ हजार अर्थात् ६९.०८ प्रतिशत कुल व्यय भएको छ। जस मध्ये पुँजीगत रु १ अर्ब ८० करोड ७५ लाख ५४ हजार व्यय भएको छ। त्यसैगरी चालू खर्चतर्फ रु. १ अर्ब २२ करोड १ लाख ३३ हजार व्यय भएको छ ६ करोड ७९ लाख ७५ हजार व्यय भएको छ।

## चालू आर्थिक वर्ष २०७७/०७८ को समीक्षा

अध्यक्ष महोदय,

२२) अब म चालु आर्थिक वर्ष २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेटको समीक्षा प्रस्तुत गर्न गईरहेको छु । आर्थिक वर्षमा कुल व्यय रु. ३ अर्ब ८६ करोड ५१ लाख ९० हजार अनुमान गरिएकोमा हाल सम्मको अवधिमा रु. १ अर्ब ९९ करोड २८ लाख **२ हजार खर्च भई ५१.५९ प्रतिशत प्रगति भएको छ। पुँजीगत तर्फ हाल सम्म ९२ करोड ३८ लाख ८३ हजार** मात्र व्यय भएको छ। त्यसैगरी चालू तर्फ हाल सम्म रु. १ अर्व ३ करोड ६५ लाख ५४ हजार खर्च भएको छ। वित्तीय व्यवस्था तर्फ रु.३ करोड २४ लाख १४ हजार ऋणको सावाँ व्याज भुक्तानी गरिएको छ।

२३) आयतर्फ संघीय सरकारबाट वित्तीय समानिकरणमा रु.४२ करोड ८८ लाख प्राप्त हुने अनुमान गरिएकोमा हाल सम्म ३२ करोड १६ लाख प्राप्त भएको छ, सशर्ततर्फ रु.७५ करोड १६ लाख अनुमान गरिएकोमा रु. ६४ करोड ९४ लाख ५१ हजार प्राप्त भएको। राजश्व बाँडफाँड तर्फ २३ करोड ४२ लाख ६७ हजार प्राप्त भएको छ । त्यसैगरि प्रदेश सरकारबाट वित्तीय समानिकरणमा रु. १ करोड १६ लाख २० हजार प्राप्त हुने अनुमान गरिएकोमा ८७ लाख १५ हजार प्राप्त भएको छ। सशर्ततर्फ रु.३ करोड अनुमान गरिएकोमा हाल सम्म रकम प्राप्त हुन सकेको छैन ।। त्यसैगरी विशेष अनुदानमा रु.७० लाख र समपुरक अनुदानमा रु.५० लाख रकम प्राप्त भएको छ।

२४) **क्षेत्रगत समीक्षा**

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कुल ११ वटा वडाबाट आवेदन संकलन गरिएकोमा पाँच वटा वडामा कार्यक्रम संचालन हुने तयारी भैरहेको छ । महानगरको वेरोजगार सूचीमा सूचिकृत भएका मध्ये तीन सय चार जनालाई एक सय दिन वरावरको रोजगारी दिने योजना वनाईएको छ।

- महानगरपालिकाबाट शैक्षिक सुधारका लागि निरन्तर रुपमा विद्यालयको अनुगमन गरिएको, एक विद्यालय समायोजन गरी त्यहाँ कार्यरत शिक्षक र विद्यार्थीहरूलाई अन्य विद्यालयमा अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाइएको छ ।

- विद्यालयमा छात्राहरूको लाीग निःशुल्क सेनेटरी प्याड वितरण, छात्रवृत्ती वितरण, विद्यालय पोशाक, व्याग र आवश्यक शैक्षिक सामग्री वितरण गरिएको छ । त्यसैगरी ३१ वटा सामुदायिक विद्यालयमा सिसिटिभी जडान, ई-हाजिरी र वेबबेस्ड (Web-Based) विद्यालय बनाइएको तथा नेपाल टेलिकमको सहयोगमा आधुनिक कम्प्युटर ल्याब स्थापना गरिएको छ ।

- वीरगंज महानगरपालिकाले सिद्धार्थ माध्यामिक विद्यालयमा निर्माणधिन परिक्षा केन्द्र हलको कार्य अन्तिम चरणमा पुगेको छ ।

- वीरगंज महानगरपालिका भित्र संचालित ९० वटा सामुदायिक विद्यालयमा प्रशोधित शुद्ध खानेपानीको व्यवस्था मिलाइएको छ ।

- सामुदायिक विद्यालयको पठनपाठन प्रभावकारी बनाउन विद्यालयमा पाठ्यपुस्तक, छात्रवृत्ति वितरण, विज्ञान प्रयोगशाला, ई-पुस्तकालय स्थापना गरिएको छ साथै विशेष आवश्यकता भएको विद्यालय अन्तर्गत योग विद्यालय, अन्धा, बहिरा र सुस्त मनस्थिति भएकाहरूको लागि विद्यालय सञ्चालन गरिएकोछ । साविकको शैक्षिक तालिम केन्द्रलाई वीरगंज महानगर तालिम केन्द्रको रुपमा सञ्चालन गरिएको छ ।

- भोजपुरी भाषा,  साहित्य, कला र संस्कृतिको विकास एवं सम्बर्द्धनका लागि ***भोजपुरी प्रतिष्ठान*** स्थापना गरि यस कार्यलाई अगाडि बढाउन वीरगंज महानगरपालिका वडा नं ८ मा भवन निर्माणको योजना वनाईएको छ ।

- वीरगंज महानगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुबाट तीन लाख व्यक्तिहरुले स्वास्थ्य उपचार प्राप्त गरेका छन ।

- चार हजार चार सय बालबालिकाहरुले पुर्ण खोप प्राप्त गरी चालु आर्थिक बर्षको असार मसान्त सम्ममा वीरगंज महानगरपालिकालाई पूर्ण खोप घोषणा गरिने छ ।

- ५ बर्ष मुनिका चौतिस हजार बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधि बर्षको दुई पटक बैशाख र कार्त्तिक महिनामा राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तरगत महिला स्वास्थ्य स्वयंसेविका मार्फत भिटामिन खुवाउने कार्य सकिएको छ ।

- चालु आर्थिक बर्षमा ३५० जना नयाँ क्षयरोगी पत्ता लागेको र ११५ जना उपचार पुरा गरी घर फर्केको हाल २३५ जना उपचारमा रहेका छन ।

- कुपोषण निवारण गर्न ६ महिना देखि २३ महिना सम्मको आठ हजार आठसय बालबालिकालाई पहिलो चरण पच्चिस हजार किलो सर्वोतम पिठो प्रति बालबालिका ३ के.जी को दरले वितरण गरिएको दोश्रो चरण २०७८ अषाढ मसान्त भित्रमा २७ हजार किलो सर्वोतम पिठो वितरण गरिने कार्यक्रम तय गरिएको छ । यसबाट बालबालिकाहरुमा देखिएका कुपोषण निवारणमा मद्दत पुग्ने छ ।

- शहरी क्षेत्रमा ३ हजार ९ सय गर्भवती महिलाहरुलाई दाल, तेल, नून र अण्डा जस्ता पौष्टिक खाद्य पदार्थहरु वितरण गरिएको र ग्रामिण क्षेत्रमा समेत वितरण हुने क्रममा रहेको छ ।

- कोभिड–१९ विश्वव्यापी महामारी अर्न्तगत दोश्रो चरणमा ३३७८ जना वीरगंज महानगरपालिका अर्न्तगत पोजिटिभ प्रमाणित भएको र कोभिड–१९ अस्थायी अस्पताल गोपाल मंडलीका ७० जना उपचार पुरा गरी सकुशल घर फर्केका र दोश्रो चरणको कोभिड संक्रमणमा पर्सा जिल्लाका ७२ जनाको दु:खद् मृत्यु भएको छ ।

- वीरगंज महानगरपालिका भित्र तीन बर्षको अवधिमा ५२ किलोमिटर सडक पिच भएको छ । त्यसैगरी २३ किलोमिटर बाटो ढलान र ११ किलोमिटर नाला निर्माण भएको छ । महानगरपालिकाको विभिन्न वडाहरुमा गरी २२ किलोमिटर सडक ग्राभेल गरिएको छ । चालु आर्थिक बर्ष सम्ममा १५३ वटा भवनको कोठाहरु निर्माण सम्पन्न भएका छन भने २६८ वटा शौचालय र २०५ वटा चापाकल सार्वजनिक स्थलमा जडान गरिएको छ ।

- वीरगंज वडा नं. २७, २८, २९, ३० र ३१ मा पर्ने भेडाहा खोलाको कारण वर्षेनि ठूलो मात्रामा नदी कटानको कारण धनजनको क्षति हुने भएकोले उक्त क्षेत्रमा नदी नियन्त्रणको कार्य यस वर्ष समेत गरिएको छ ।

- नेपाल सरकार, एशियाली विकास बैंक र वीरगंज महानगरपालिकाको संयुक्त लगानीमा संचालित क्षेत्रीय शहरी विकास आयोजना (RUDP) अन्तर्गत Contract Award गरी 9 Dec, 2018 बाट काम शुरु गरी रहेकोमा हालसम्मको भौतिक प्रगति 92% भएकोमा तिब्रताका साथ यही आर्थिक बर्षमा सम्पन्न हुने गरी उक्त निर्माण कार्य अगाडि बढाईएको छ ।

- क्षेत्रीय शहरी विकास आयोजना (RUDP) अन्तरगत वाइपास, रेल्वे, राधेमाई, लिंकरोड, पिपरा,मुर्लीमा गरी करिव १८ किलो मिटर बाटो पिच निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरी मझौला शहर एकिकृत शहरी वातावरणीय सुधार आयोजना (STIUEIP) अन्तरगत ११२ किलो मिटर सडक पक्की निर्माण गरीएको छ भने १३४ किलो मिटर बाटोको पुनर्निमाण गरी पक्की वनाईएकोछ ।

- मझौला शहर एकिकृत शहरी वातावरणीय सुधार आयोजना (STIUEIP) अन्तर्गत Package-II (Solid Waste Management) अन्तर्गत निर्माण कार्य सम्पन्न भई Landfill site को संचालन तथा व्यवस्थापन निर्माण व्यवसायीबाट चालु आर्थिक बर्षमा सम्पन्न भएको छ ।

- मझौला शहर एकिकृत शहरी वातावरणीय सुधार आयोजना (STIUEIP) अन्तर्गत छपकैया स्थित पानी प्रशोधन केन्द्र निर्माण सम्पन्न भई हस्तान्तरण समेत भई सकेको अवस्थामा Sewer line मा Collection Chamber मार्फत् House Connection को कार्य तत्काल शुरु गरेर आउँदो बर्ष भित्रमा सम्पन्न गरिने लक्ष्य राखिएको छ ।

- निजी क्षेत्रसँगको साझेदारी पछि वीरगंजको सरसफाईमा केही हद सम्म सफलता मिलेको छ । सडकमा जथाभावी फोहोर फ्याक्ने प्रवृत्ति अन्त्य गर्न नसक्दा केही ठाउँमा फोहोर व्यवस्थापनमा समस्या उत्पन्न भएकोछ ।

- विपद् व्यवस्थापनको लागि कोभिड संक्रमणबाट संक्रमित विरामीहरुका लागि घर घरमा अक्सिजन पुराउने कार्य नगर प्रहरीले गरेको छ ।

**२५) राजश्व नीति तर्फ**

- चालू आर्थिक वर्ष ०७७/०७८ मा राजस्वको अनुमानित आय रु. ५९ करोड ७५ लाख असुली हुने अनुमान गरिएकोमा विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस ( कोभिड-१९) महामारीका कारण हाम्रो नेपाल पनि यस महामारीको चपेटाबाट अछुतो रहन सकेन र सोको फलस्वरुप २०७८ बैशाख १६ देखि पर्सा जिल्लामा निषेद्याज्ञा लागु भएपछि राजस्व असुलीमा प्रतिकुल असर पर्न गई लक्ष्य बमोजिमको राजस्व असुली हुन सकेन ।
- चालू आ.व.०७७/०७८ मा कूल रु. ५९ करोड ७५ लाख लक्ष्य राखिएकोमा २०७८ साल असार ९ गते सम्मको राजस्व असुली रु.४१ करोड ६७ लाख ६९ हजार राजश्व असूली भएको छ ।

**निष्कर्ष**

२६) नगरको समृद्धि र विकासका लागि अपेक्षित नतिजाहरु देखिन अझै केही वर्ष लाग्ने भएतापनि हामीले छोटो अवधिमै हासिल गरेको उपलब्धिबाट सुशासन, विकास र समृद्धिको दरिलो आधारशीला तयार भएको छ । सीमित आर्थिक स्रोत र जनशक्तिका बावजुद आर्थिक तथा सामाजिक पूर्वाधार निर्माणका क्षेत्रमा केही महत्वपूर्ण कार्यको थालनी भएका छन् । जनताको सबैभन्दा नजिकको सरकारको रुपमा वीरगन्ज महानगरपालिका प्रति स्थानीय जनताको विश्वास र भरोसामा वृद्धि भएको छ ।

**समस्या तथा चुनौतीहरु**

२७) विश्वभर महामारीको रुपमा देखापरेको कोरोना भाइरस संक्रमणको कारण वीरगंज महानगरपालिकाका अधिकांश योजनाहरु कार्यान्वयनमा ल्याउन सकिएन । २०७८ बैशाख देखि पुन निषेद्याज्ञा लागु भएपछि कोभिड विरुद्धको अभियानमा लाग्नु पर्ने भएकोले विकास निर्माणका काम ठप्प गर्नु पर्ने अवस्था श्रृजना भयो ।

२८) महानगरपालिकाले अनेकौ चुनौतीहरु पनि सामना गरिरहेको छ । महानगरको ग्रामीण तथा शहरी क्षेत्रको संरचनात्मक द्वन्द्व, तीन तहका सरकारहरु बीचमा समन्वयको अभाव, विकासमा स्थानीय जनताको सहभागिता र योगदानको अभाव, सबै कुरामा महानगरपालिकाको मुख ताक्ने प्रवृत्ति, जनताहरुको बढ्दो आकांक्षा तथा अपेक्षा पूरा गर्न आवश्यक श्रोत र साधनको कमी, मानव विकासको कमजोर अवस्था र यी सबैलाई सम्बोधन गर्ने हाम्रो संस्थागत क्षमताको कमी जस्ता चुनौतीहरु देखा परेका छन् ।

२९) महानगरपालिका भित्र वसोवास गर्ने सबै नागरिकलाई करको दायरामा ल्याउन नसक्नु, नगरवासीमा ***कर तिर्नुपर्छ*** भन्ने भावनाको विकास नहुनु, नक्सापास विना आवासीय र व्यापारिक प्रयोजनका लागि भवनहरु निर्माण गरिनु, विकास निर्माणका काम र सरसफाईको क्षेत्रमा नागरिकले आफ्नो कतर्व्यवोध नगर्नु नै मुख्य चुनौतीको रुपमा देखिएको महशुस गरेको छु ।

३०) आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा हाम्रो आर्थिक सामाजिक स्थिति मध्य नजर गर्नुपर्ने देखिन्छ । आर्थिक वर्ष २०७७/०७८ को आर्थिक सर्वेक्षण अनुसार प्रदेश नं. २ मा १९.८ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेका, बहुआयमिक गरिबी दर ४७.९ प्रतिशत, बेरोजगारी दर सबै भन्दा बढी २०.१ प्रतिशत, साक्षरता दर ४०.९ प्रतिशत र मानिसको अपेक्षित आयु ६७.८ वर्ष रहेको छ । राष्ट्रिय स्तरमा मानव विकासको सूचकाङ्क ( HDI) ०.५७४ पुग्दा यस प्रदेशको ०.४८५ पुगेको छ । यस महानगरको करिब ७० प्रतिशत भू-भाग ग्रामिण क्षेत्र रहेको हुँदा हाम्रो विकासको स्थितिमा पनि खासै भिन्नता भएको देखिएको छैन ।

**आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति, बजेट तथा कार्यक्रम**

**अध्यक्ष महोदय तथा नगर सभा सदस्य ज्यूहरु,**

३१) अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति, बजेट तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व एवं नागरिकका मौलिक हकलाई मुख्य आधारको रुपका लिएको छु । त्यसैगरी नेपाल सरकारको आर्थिक वर्ष २०७८/०७९ को नीति, बजेट तथा कार्यक्रमलाई पनि मुख्य आधार लिएको छु । पन्ध्रौ योजनाले लिएका विकासका दीर्घकालिन लक्ष्यहरु र दिगो विकासका लक्ष्यहरु हासिल गर्नेतर्फ विशेष ध्यान दिईएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकार वित्त

व्यवस्थापन ऐन २०७४, र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, लाइ पनि कानुनी आधारको रुपमा लिईएको छ । प्रदेश सरकारको नीति तथा बजेट पनि यसको आधार रहेको छ । स्थानीय जनताहरुको आकांक्षा, जनताले भोग्नु परेका समस्या, क्रमागत ठूला परियोजनाहरु र उपलब्ध श्रोत साधन निर्णायक आधारहरु हुन् । कर सुधार सुझाव कार्यदल, राजश्व परामर्श समिति, पूर्व बजेट छलफल, विभिन्न संघ संस्था, राजनीतिक दलहरु, नागरिक समाज र विद्वतवर्गबाट प्राप्त रचनात्मक सुझावहरुलाई नीति तथा कार्यक्रम र बजेटमा समेट्ने प्रयास गरेको छु ।

३२) कोभिड संक्रमण र निषेधाज्ञाका कारण नीति तथा कार्यक्रमसँग सरोकार राख्ने उद्योग वाणिज्य संघसँग भर्चुअल माध्यमबाट छलफल गरिए पनि राजनीतिक दल, वस्तुगत संघहरु, नागरिक समाज र संचारकर्मीसँग अनौपचारीक रुपमा छलफल गरिएको छ । यस पटक कोरोना भाइरसको संक्रमणको त्रासका कारण अघिल्लो बर्षमा जस्तो धेरै क्षेत्रसँगको प्रत्यक्ष अन्तरसंवाद गर्न सकिएन । तैपनि बजेटमा महानगरवासीको अपेक्षालाई सम्वोधन हुने गरी नीति तथा कार्यक्रम राख्ने प्रयास गरिएको छ ।

३३) आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा वडा स्तरदेखि नै समावेशी, सहभागितामुलक योजना पद्धति अवलम्बन गर्ने प्रयत्न गरिएको छ । कार्यपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरुमा छलफल भई योजना प्राथामिकिकरण गरिएको र कार्यपालिकाबाट पारित गरेपछि सम्मानित सभामा पेश गरिएको छ । यसबाट स्थानीय जनता र जनप्रतिनिधिहरुमा अपनत्व र उत्तरदायीत्वको भावना विकास हुने विश्वास गरिएको छ ।

**महानगरको सोच**

**'समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न आगामी २५ वर्षको दीर्घकालीन सोचको प्रारुप तयार गरिएको छ । राष्ट्रिय आकांक्षासँग सामन्जस्यता राख्दै वीरगंजको दीर्घकालीन समृद्धिका लागि एकीकृत विकास योजना तयार गर्ने र यसलाई मध्यकालीन रुपमा आवधिक योजनाद्वारा कार्यान्वयन गर्ने हाम्रो रणनीति रहेको छ । अबको विकासको कार्यसूची सुशासन, विकास र समृद्धि रहेको छ । यही नै हाम्रो गन्तब्य हो । यसका लागि अल्पकालीन योजनाको रुपमा वार्षिक नीति, कार्यक्रम र बजेट प्रस्तुत गरिएको छ**

**बजेटको उद्देश्य**

३४) **अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।**

- कोभिड संक्रमणबाट जोखिममा रहेका नागरिकको जीवन रक्षाका लागि अस्थायी कोभिड अस्पताल, अक्सिजन बैकको स्थापना र सचेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।

- कोभिड संक्रमणको जोखिमबाट वच्न हरेक उमेर समूहका उच्च जोखिममा रहेर काम गर्ने नागरिकलाई खोपमा प्राथमिकता दिदै सम्पूर्ण महानगरवासीमा खोप उपलब्ध गराउन संघीय र प्रदेश सरकारसँग विशेष पहल गरिनेछ ।

- महानगरपालिकाको लागि आवश्यक न्यूनतम पूर्वाधारहरु निर्माण गर्दै महानगरलाई सभ्य र समृद्ध बनाउन तय भएका नीति कार्यान्वयन गरिनेछ ।

- मानव विकासको विभिन्न आयामहरुमा जोड दिई नगरवासीको जीवनस्तरमा गुणात्मक सुधार गरिने छ ।

- पिछडिएको वर्ग तथा समुदायका लागि सामाजिक न्याय सहितको आर्थिक विकासमा टेवा पुऱ्याउने छ ।

- सुशासन तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

- कृषि तथा औद्योगिक क्षेत्रको उत्पादनमा सहयोग पुऱ्याई रोजगारी र आय अभिवृद्धि गर्नु

- विकास निर्माणमा जनसहभागिता वृद्धि गराउनु ।

- स्वच्छ खानेपानीबाट वन्चित गरिव तथा निम्न वर्गीय जनताको घरदैलोमा खानेपानी उलब्ध गराईनेछ ।

- वर्षेनी हुने नदि कटान रोकथामका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

**३५) बजेटका उद्देश्यहरु हासिल गर्न देहायबमोजिम प्राथमिकता निर्धारण गरिएको छ ।**

- मानव जीवनमा संकटको रुपमा देखा परेको कोभिड नियन्त्रण र यस वारे जनचेतना फैलाएर महानगरवासीको जीवन रक्षाका लागि कार्यक्रम संचालन गर्नु पहिलो प्राथमिकता भएकोले कोभिडले समुदायमा निम्त्याउन सक्ने संभावित अप्ठ्यारो परिस्थितिबाट जोगिन पूर्व तयारीहरुका कार्यलाई निरन्तरता दिईनेछ ।

- कोभिडका कारण जीवन जोखिममा रहेका उमेर समूहका व्यक्तिहरु र भिडभाडमा काम गर्नु पर्ने व्यक्तिहरुलाई तत्काल खोप व्यवस्था गर्न संघीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ । खोपमा दिर्घरोगी, शिक्षक र श्रमजीवी वर्गलाई खोपमा प्राथमिकता दिन विशेष पहल गरिनेछ ।

- कोभिडको कारण विद्यालय बन्द रहँदा अप्ठयारोमा परेका बालबालिकाहरुलाई विभिन्न माध्यमबाट अध्ययन अध्यापन गराइनेछ ।

- आधारभूत तथा माध्यामिक शिक्षा र शिक्षाको गुणस्तर सुधार गर्न अनुगमनको व्यवस्था गरिनेछ ।
- छुट्टै परिक्षा केन्द्रको निर्माण कार्य यसै बर्ष सम्पन्न गरिनेछ ।
- कोभिडको कारण नियमिति हुन नसकेको स्वास्थ्य परिक्षण तथा आधारभूत स्वास्थ्य, खोप र पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वच्छ खानेपानी, ढल तथा सरसफाई र फोहोर व्यावस्थापनका कार्यक्रम अझै प्रभावकारी वनाईनेछ ।
- युवा तथा खेलकुदको विकासमा विशेष जोड दिइनेछ ।
- लैङ्गिक समानता, महिला सशक्तिकरण तथा सामाजिक समावेशीकरण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- जोखिममा परेका महिला, बालबालिका, ज्येष्ठनागरिकको पार्क हस्तान्तरण र सम्मानका कार्यक्रम संचालन गरिनेछ ।
- सुशासन र गुणस्तरीय सेवा प्रवाह गरिनेछ ।
- कोभिड संक्रमण र निषेद्याज्ञाका कारण समयमा काम हुन नसक्दा अधुरा रहेका विकास निर्माणका कार्यहरुको कार्यान्वयन गरिनेछ ।
- उज्यालो वीरगंज अभियानलाई यसै बर्षमा सम्पन्न गरिनेछ ।
- अस्पतालबाट निस्कने संक्रमणजन्य फोहोरको व्यवस्थापनमा जोड दिइनेछ ।
- सडक पूर्वाधारहरुको विकास तथा स्तरोन्नती गरिनेछ ।
- कुहिने फोहोरबाट जैविक मल र वायो ग्याँसको उत्पादन गरिने छ ।

**अध्यक्ष महोदय**

अब म आगामी आर्थिक बर्ष २०७८/०७९ का क्षेत्रगत प्रमुख नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३६) **आर्थिक विकास क्षेत्र**

- कृषिलाई आधुनिकीकरण गर्न यान्त्रिकरणलाई प्रवर्द्धन गरी उत्पादन तथा उत्पादकत्व बृद्धिमा जोड दिइनेछ । व्यावसायिक खेतीलाई प्रोत्साहन गर्न सामुहिक खेतीलाई जोड गरिनेछ ।
- सबै प्रकारका जमिनको पूर्ण सदुपयोग गर्दै उन्नत जातका फलफूल विरुवा अनुदानमा वितरण गरी फलफूल खेती प्रवर्द्धन गरी फलफूलको उत्पादन बढाइनेछ ।
- कृषिजन्य मुख्य खाद्यन्नवालीहरु धान र गहुँ को उत्पादनमा वृद्धि गर्न समुहमा वीज वृद्धि कार्यक्रमहरु सञ्चालन गरी वीरगंज महानगरपालिकालाई आत्मनिर्भर बनाईनेछ ।
- उच्च मूल्यका नगदे वालीहरु तथा बेमौसमि तरकारी खेती गर्न युवा तथा समूहलाई आकर्षित गर्न नगर क्षेत्रमा उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था मिलाइने छ ।

- एक वडा एक उत्पादन पकेट क्षेत्र कार्यक्रम अन्तर्गत कुनै एक वा दुई वडालाई छनौट गरी सम्बन्धित वडालाई पकेट क्षेत्र बनाई वालीको उत्पादकत्व बढाई निकासी गरिनेछ ।
- नगरपालिका भित्र देखिएको साना कृषि सिंचाई समस्या समाधानको लागि कृषक समूहलाई परिचालन गरी स्थानीय श्रोत साधनलाई उपयोग गर्दै अनुदानमा सिंचाई सुविधा उपलब्ध गराई उत्पादकत्व वृद्धि गर्न टेवा पुऱ्याइने छ ।
- रासायनिक मलको अभाव न्युनिकरणका लागि अनुदानित मल, बिउ र बिषादी को उपलब्धता स्थानीय स्तरमा गठित मल वितरण समितिलाई जिम्मा लगाई सक्रिय रुपमा सञ्चालन गरिनेछ र माटोको उर्बरा शक्ति बढाउन प्राङगारिक मलको प्रयोग प्रवर्द्धन गर्दै अर्गानिक खेतीलाई प्रोत्साहन गरिनेछ ।
- वेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत विकास निर्माणको क्षेत्रमा सरिक गराइनेछ ।
- युवालाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।
- पर्यटन प्रवर्द्धनका लागि वडा नं ३१ र ३२ मा संभाव्यक्ता अध्ययन गरी कार्य अगाडी बढाइनेछ ।
- पछाडि परेको समुदायको सहभागिमा सामुदायिक होमस्टे संचालन गर्न प्रोहत्सान गरिनेछ ।
- सहकारी, समूह र निजी क्षेत्रको सहकार्यमा वीरगंजका ग्रामिण क्षेत्रमा कृषि तथा पशु हाटवजार निर्माण गरी  संचालन गर्न सहयोग उपलब्ध गराईनेछ ।
- सहकारी संस्थाहरुको नियमन र अनुगमनलाई प्रभावकारी वनाईनेछ । ग्रामिण वडाहरुमा संचालनमा रहेका सहकारीलाई उत्पादन र रोजगारमूलक कार्यमा लाग्न प्रेरित गरिनेछ ।
  - तरकारी, दुग्धजन्य पदार्थ र सुपथ पसल संचालन गर्ने सहकारी संस्थालाई विशेष सुविधा उपलब्ध गराईने छ ।
  - स्थानीय उत्पादनको मूल्य निर्धारण र अन्य वस्तु तथा सेवाहरुको मूल्यमा एकरुपता कायम गर्न आवश्यक नीति नियम र कानुनमा परिमार्जन गर्दै लगिने छ ।
  - किसानको उत्पादनलाई वजारीकरणका लागि सहकारी संस्थाहरुलाई प्रेरित गरिनेछ ।
  - रोजगार सूचना केन्द्रको स्थापना गरी सीप भएका र नभएका वेरोजगारको तथ्यांक संकलन गरिने छ, वेरोजगार श्रमिकहरुलाई औद्योगीक र अनौपचारिक क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारको व्यवस्था मिलाइने छ ।
  - वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सिप र उद्यमशीलताको उपयोग गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

३७) **सामाजिक विकास क्षेत्र**

- संस्थागत सामाजिक उत्तरदायित्व Corporate Social Responsibility (CSR) अन्तर्गत खर्च गर्नुपर्ने रकम शिक्षा र स्वास्थ्य क्षेत्रको भौतिक पूर्वाधारमा लगानी गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ । यस कार्यका लागि हरेक औद्योगिक घराना, संघसंस्थासँग छुट्टाछुट्टै सम्झौता गरिनेछ ।
- महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने अभियानलाई सशक्त रुपमा अगाडि बढाईने छ ।
- आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिई आर्थिक सशक्तिकरण र सामाजिक रुपान्तरण गरिने छ ।
- ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गरी ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई आर्थिक, सामाजिक रुपान्तरण र विकासमा उपयोग गरिनेछ । ज्येष्ठ नागरिकलाई सम्मान, आदर र सहजताको लागि विशेष छुट र सहुलियतको व्यवस्था मिलाईने छ ।
- वीरगंज महानगरपालिकाको लक्ष्मनवा पार्कलाई जेष्ठ नागरिक पार्कको रुपमा विकास गरी जेष्ठ नागरिक संस्थाको स्वामित्वमा संरक्षण र संचालन गर्ने प्रकृया अगाडि बढाईने छ ।
- महिला विकास कार्यक्रमलाई परिमार्जन गरी विगतका असल अभ्यास र उपलब्धिलाई संस्थागत गर्दै महिला समूहद्वारा प्रवर्द्धित महिला सहकारी संस्थालाई महिलाहरुका उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गरिनेछ ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकप्रति सामाजिक विभेद हटाउन सचेतनामूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- वीरगंज महानगरपालिकाका सम्पूर्ण वडाहरुमा गैर सरकारी संस्थाको साझेदारीमा महिलाहरुको सहभागीतामा टोल विकास संस्था गठन गरिनेछ ।

## ३८) स्वास्थ्य तर्फ

- वीरगंज महानगरपालिका अर्न्तगतका सबै स्वास्थ्य संस्थाहरुबाट तोकिएबमोजिम निःशुल्क आधारभुत स्वास्थ्य सेवा सुनिश्चिता गरिनेछ ।
- स्वास्थ्यमा सर्वव्यापी पहुँच (Universal Health Coverage) को अवधारणा अनुरुप प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक सेवालाई एकीकृत रुपमा कार्यान्वयनमा ल्याईने छ ।
- स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैर–सरकारी क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन, व्यवस्थापन, नियमन तथा अनुगमन कार्यलाई प्रभावकारी रुपले कार्यान्वयन गरिने छ ।
- सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग, जलवायु परिर्वतन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्यको एकीकृत उपायहरु अवलम्बन गरिने छ ।
- जीवनपथको अवधारणा अनुरुप सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर–किशोरी तथा प्रजनन स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिक लगायतका सेवाको विकास तथा विस्तार गरिनेछ ।

- औषधि तथा औषधिजन्य सामाग्रीहरुको निर्दिष्टीकरण (Specification) तयार गरी खरिद, ढुवानी, गुणस्तरीय भण्डारण तथा वितरण पद्धतिलाई प्रभावकारी तथा व्यवस्थित बनाईनेछ ।
- विद्यालय स्वास्थ्य शिक्षा र पोषण शिक्षालाई सुदृढीकरण गर्दै कार्यक्रम संचालनमा ल्याईने छ ।
- अति विपन्न वर्ग र समुदायका लागि विशेषज्ञ घुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- आमा सुरक्षा कार्यक्रम तर्फ नारायणी अस्पतालबाट प्रसुती सेवा लिंदा विपन्न महिलाहरुलाई **ब्लड बैंकबाट निःशुल्क रगत** उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गर्भवती र उत्तर प्रसूती सेवा लगायत नवजात शिशु सेवा र जेष्ठ नागरिक "**मेयर स्वास्थ्य उपचार सेवा"** कार्यक्रमलाई स्थानीय जनप्रतिनिधिहरुको समन्वय र सहयोगमा संचालन गरिनेछ ।
- गर्भवती र २ बर्ष मुनिका बालबालिकाको स्वास्थ्यलाई मध्यनजर गर्दै "**मेयर स्वास्थ्य उपचार सेवा"** कार्यक्रम अन्तरगत बालबालिका तथा गर्भवतीहरुलाई पौष्टिक तत्वहरु र सर्वोतम पिठो सम्पुर्ण स्वास्थ्य संस्थाहरु मार्फत वितरण गरिने छ । यसबाट गर्भवती महिला र बालबालिकाको नियमित स्वास्थ्य परिक्षण अभिवृद्धि /कुपोषण निवारणमा टेवा पुग्नेछ ।
- प्रतिजैविक प्रतिरोधको न्यूनिकरण, एण्टीवायोटिक दुरुपयोगको नियन्त्रण गर्न प्रभावकारी कार्यक्रम संचालन गरिने छ ।
- महिलाहरुमा बढदो क्रममा रहेको स्तन क्यान्सर र सर्भाइकल क्यान्सर  पाठेघर खसेको पहिचान गरी त्यस्ता रोगहरुको निःशुल्क परीक्षण र उपचार गर्न "**मेयर स्वास्थ्य उपचार सेवा"** कार्यक्रम अन्तगरगत स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- महानगरपालिकाको शहरी क्षेत्रमा स्वास्थ्य केन्द्र नभएका प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरि "**मेयर स्वास्थ्य उपचार सेवा"** कार्यक्रम अन्तरगत वडा स्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाह गराईनेछ ।
- आकस्मिक र सुत्केरी सेवालाई सर्वसुलभ बनाउन एम्बुलेन्स सेवाको व्यवस्थापन गरिने छ ।
- महानगरपालिकाका केही वडाहरुमा घरमै सुत्केरी हुने अवस्थालाई शुन्य होम डिलेभरी भएको घोषणा गरिनेछ ।
- वीरगंज महानगरपालिकालाई चालु आर्थिक बर्षको असार मसान्त भित्र पुर्ण खोप क्षेत्र घोषणा गरिनेछ ।
- सुनौलो हजार दिनको महिला र बालबालिकाहरुको बहुक्षेत्रीय पोषण योजानालाई निरन्तरता दिईने छ ।
- महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम र नियन्त्रणका लागि स्थानीय संचार माध्यम मार्फत चेतनामूलक  सूचना र कार्यक्रमहरु प्रसारण गराईने छ ।
- **मेयर स्वास्थ्य उपचार सेवा** कार्यक्रम अन्तरगत आँखा, नाक कान र घाँटीको घुम्ति शिविर संचालन गरी उपचार गरिनेछ ।

- कोभिड लगायत बाढी डुवान, नदी कटानको जोखिममा रहेका नागरिकको जीवन रक्षाका लागि पूर्व तयारी, खोज तथा उद्धार, राहत, पुनस्थापना र पुर्ननिर्माण कार्यलाई अगाडि वढाउन नेपाल सरकार, प्रदेश सरकार र निजी क्षेत्रसँगको सहकार्यमा विपद् व्यवस्थापनको कार्य र विपद् व्यवस्थापन कोषको स्थापना गरिने छ।

- गुणस्तरीय स्वास्थ्य सेवाका लागि स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र, वर्थिङ सेन्टरको आवश्यकता अनुसार स्थापना, पुर्ननिर्माण र सुदृढीकरण गरिनेछ।

- अस्पतालमा डाक्टर सहितको जनशक्तिको व्यवस्था गरिने छ। "**मेयर स्वास्थ्य उपचार सेवा"** कार्यक्रम अन्तरगत घुम्ती स्वास्थ्य शिविर र घर घरमा नर्सिङ सेवा उपलब्ध गराईनेछ।

## ३९) शिक्षा तर्फ

- सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना अभियानलाई सफल बनाइ विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गरिनेछ । सो कार्यका लागि राजनीतिक दल, नागरिक समाज, सरकारी तथा गैर-सरकारी निकायहरू, स्थानीय सञ्चार माध्यमको सहभागिता र प्रयोग गरिनेछ।

- सामुदायिक विद्यालयको भौतिक निर्माण, शैक्षिक गुणस्तर सुदृढीकरण निःशुल्क रुपमा पुस्तक वितरण र छात्रवृत्ति वितरण गरी सामुदायिक विद्यालयको पठनपाठनलाई प्रभावकारी बनाइनेछ।

- शैक्षिक कार्यतालिका अनुसार शिक्षकहरूले नियमित रुपमा अध्यापन गरे नगरको कुरामा नियमित अनुगमन गरी सो को पृष्ठपोषणको आधारमा शिक्षकलाई दण्ड तथा पुरस्कारको नीति लिइनेछ भने शैक्षिक गुणस्तर अभिबृद्धिका लागि हरेक विद्यालयमा नगरपालिकाले विद्यालय व्यवस्थापनासँग र विद्यालय व्यवस्थापन समितिले प्रध्यानाध्यापकसँग कार्यसम्पादन करार अनिवार्य गरिनेछ।

- महानगरभित्रका ग्रामिण क्षेत्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरू टिफिन पछि खाजा खान भाग्ने प्रवृत्तिलाई रोक्नको लागि दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई विद्यालय परिसर र कार्य अवधिभित्र राजनैतिक क्षेत्रबाट मुक्त गर्न छुट्टै आचारसंहिता तयार गरि लागू गरिनेछ।

- विद्यार्थीहरूलाई सम्बन्धित शिक्षण संस्थाबाट स्थानीय सरकारले तोकेको छात्रवृत्ति प्रदान गर्न गराउन छात्रवृत्ति समितिको सिफारिशलाई कार्यान्वयन गरिनेछ।

- वीरगंज महानगर भित्र सञ्चालनमा रहेका र शैक्षिक गतिविधि सञ्चालन गर्ने सम्पूर्ण शिक्षण संस्थाहरूको रेकर्ड डिजिटल प्रणालीमा आबद्ध गरी अद्यावधिक गरिनेछ ।

- विशेष आवश्यकता भएका विद्यालय अन्तर्गत योग विद्यालय, दृष्टिविहिन विद्यालय, बहिरा विद्यालय र सुस्त मनस्थिति भएकाहरूको लागि सञ्चालित विद्यालयको थप प्रबर्द्धनमा निरन्तरता दिइनेछ ।

- विद्यालयस्तरीय, समुदायस्तरीय, तथा नगरस्तरीय खेलाडी तयार गरी खेलकुद प्रतियोगिताहरू सञ्चालन गरिनेछ ।

- एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गरी सो केन्द्रलाई सूचना केन्द्रको रुपमा विकास गरिनेछ । एक वडा एक नमुना विद्यालय वनाउने अभियानलाई सफल वनाउन उत्कृष्ट प्रधानाध्यापक र संचालक समितिलाई देशर्दशनको व्यवस्था मिलाइनेछ ।

- निम्नवर्गीय **दलित समुदायका छोरी र वुहारीका लागि उच्च शिक्षा हासिल** गर्न वीरगंज महानगरपालिकाले छात्रवृत्ति प्रदान गरिनेछ ।

- विपद्को समयमा वा पछि शिक्षण सिकाइ सुनिश्चित गर्न वैकल्पिक सिकाइ (स्वाध्ययन, रेडियो, टि.भि., कम्प्युटर, इन्टरनेट, अनलाइन, अफलाइन कक्षा आदि) व्यवस्थापन गरिनेछ ।

- विद्यमान कोभिडको अवस्थामा प्रत्येक विद्यालयमा थर्मल गन, मास्क, साबुनपानी, पञ्जा र ह्याण्ड सेनिटाइजर आदिको सुरक्षात्मक व्यवस्था गर्ने र विद्यालयहरूलाई नियमित रुपमा निर्मलीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- भोजपुरी भाषा, साहित्य, कला र संस्कृतिको विकास एवं सम्बर्द्धनका लागि ***भोजपुरी प्रतिष्ठान*** को विकास र प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- कला, साहित्य, संस्कृतिलाई समृद्ध बनाउन ***वीरगंज महोत्सव*** संचालन गरिनेछ, जसका लागि स्थानीय, राष्ट्रिय, र अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

- महानगरस्तरीय अन्तर विद्यालय र अन्तर कलेज मेयर कप खेलकुद प्रतियोगिताहरूलाई अझ प्रभावकारी बनाउँदै लगिनेछ ।

- नतिजाका आधारमा विद्यालयहरुबीच प्रतिस्पर्धा गराई कार्य सम्पादनमा उत्कृष्ट विद्यालय र शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

- विद्यालय आसपासमा रहेका सार्वजनिक, पर्ती र ऐलानी जमिनलाई सम्वन्धित विद्यालयले प्रयोग गर्नेगरी उत्पादनशील कार्यमा लगाई विद्यालयको आन्तरिक आयमा वृद्धि गर्न व्यवस्थापन समितिलाई प्रेरित गरिने छ ।

## ४०) पूर्वाधार विकास क्षेत्र

- महानगरपालिका क्षेत्र भित्र **उज्यालो वीरगंज** कार्यक्रमलाई निरन्तरता दिई यसै बर्ष भित्र सबै वडाको सडकमा गुणस्तरयुक्त ३०१ वटा स्वचालित स्टेशनबाट १४ हजार LED बत्ति जडान गरिनेछ ।
- महानगरपालिकाका वडा कार्यालयहरुलाई व्यवस्थित बनाउन वडा कार्यालय नभएका वडाहरुमा वडा कार्यालय भवन निर्माणको कार्यलाई निरन्तरता दिईनेछ ।
- महानगरपालिकाका सम्पूर्ण वडाहरुको प्रोफाईल बनाई विकास निर्माणको कार्ययोजना तयार गरिने छ । साथै हरेक सडक तथा घरहरुमा घर नम्बर प्रणाली जडान गरिनेछ ।
- वीरगंज महानगरपालिकाको दिगो विकासको लागि Strategic Environmental Assessment (SEA) गरिनेछ ।
- महानगरका ग्रामिण क्षेत्रका उपयुक्त स्थानमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा व्यवस्थित वस्ती विकासको कार्यक्रम सन्चालन गर्न कार्य योजना बनाईने छ ।
- महानगरक्षेत्र भित्र जमिनको खण्डिकरण गरी प्लटिङवाट हुने गरेको अव्यवस्थित वसोवासलाई नियमन गर्न भू-उपयोग नीति तयार गरी कार्यन्वयनमा ल्याइने छ ।
- महानगरपालिका अन्तर्गत वडा कार्यालय भवनहरुमा (Fire Fighting) अग्नी नियन्त्रक जडान गर्ने व्यवस्था गर्ने तथा अन्य ठूला अपार्टमेन्ट, अस्पताल, सिनेमा घर, विद्यालय, क्याम्पस, मलहरु जस्ता भवनहरुमा अनिवार्य राख्नुपर्ने व्यवस्था गरिनेछ ।
- नयाँ निर्माण भएका संरचनाहरुको व्यवस्थापन एवं संरक्षण गर्ने दायित्वलाई ध्यानमा राखी मर्मत संभार गर्नुपर्ने सडक पूर्वाधारको परिमाण वा क्षेत्रलाई मध्यनजर गर्दै हाल भई रहेको मर्मत संभार इकाईलाई शाखामा रुपान्तरण गरी सम्पूर्ण भौतिक पूर्वाधार (जस्तै कालोपत्रे सडक, ग्राभेल सडक, भवन, सिँचाई कूलो, खानेपानी आदि) सम्बन्धि आयोजनाहरुको सन्चालन एवं कार्यान्वयन मर्मत सम्भार शाखाबाट सम्पदान गरिनेछ र यसका लागि यसै आर्थिक बर्षमा आवश्यक निर्देशिका र जनशक्तिको समेत व्यवस्थापन गरिनेछ ।
- महानगर भित्र बढ्दो सवारी घनत्वलाई मध्यनजर गरी MTMP (Municipality Transport Master Plan) बनाई व्यवस्थित गरिनेछ ।
- पूर्वाधार विकासको लागि महानगरले सार्वजनिक निजी साझेदारीलाई निरन्तरता दिईनेछ ।
- उपभोक्ता समिति मार्फत कार्य गराउँदा आयोजनामा श्रमदान बाहेक कूल लागत अनुमानको ५ प्रतिशत धरौटी रकम ६ महिनाको लागि मर्मत ंभार अवधि भनेर राखिनेछ ।

- वीरगंज नगर विकासको नक्शा वस्ती विकास तथा भवन निर्माण मापदण्डलाई समायानुकुल परिवर्तन गरिनेछ ।
- महानगर भित्र भएको संरचना लगायत नयाँ बन्ने सार्वजनिक पूर्वाधार अपाङ्गमैत्री बनाइनेछ ।
- योजना स्वीकृत भए पश्चात कार्य स्थलको प्रि-फोटो, नक्सा संलग्न गरेर मात्र सम्झौता गरिनेछ र विस्तृत विवरण सहितको सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरिनेछ ।
- महानगरपालिकाको अधिकार क्षेत्रमा भएको सडक कालोपत्रे गर्दा Asphalt Concrete प्रविधिबाट गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्रमा जग्गा विकास कार्यक्रम (Land Pooling) संचालन गर्न संघ तथा प्रदेश सरकार र एशियाली विकास बैंकबाट आर्थिक तथा प्राविधिक सहयोग माग गरिनेछ ।
- प्लटिङको जग्गामा प्लटिङकर्ताले न्यूनतम पूर्वाधार (बिजुली, ढल व्यबस्थापन, ग्राभेल सडक) गरे पश्चात मात्र नक्शा पास गरिनेछ र सो कार्यमा बजेट बिनियोजन गरिने छैन र अन्यको हकमा माटो पुर्ने कार्यको लागि बजेटमा प्राथमिकता दिईने छैन ।
- प्राविधिक जनशक्तिलाई वडाको CLUSTER मा खटाई चुस्त र प्रभावकारी रुपमा योजना संचालन गराईनेछ ।
- एक्सकाभेटरको कार्य वडामा संचालन गर्दा सम्वन्धित वडाको सिफारिस भए पश्चात मात्र गरिनेछ र कार्य भईसकेपछि कार्य भएको विवरणको सिफारिस लिई लगत राख्ने नीति अख्तियार गरिनेछ ।
- नयाँ घर बनाउने व्यक्तिले आफ्नो कम्पाउन्डमा कम्तिमा ३ वटा विरुवा रोप्न प्रोत्साहन गरिनेछ ।
- बैंक तथा वित्तिय संस्था, पाटी प्यालेस, सिनेमा हल, स्कुल, कलेज जस्ता संस्थालाई आवश्यकता पर्ने पार्किङ हुनेगरी मात्रै नक्सा पास गरिनेछ र हाल पार्किङ नभएको संस्थालाई समेत पार्किङ व्यवस्था गर्न जोड दिईनेछ ।
- विकास निर्माणमा जनसहभागितालाई जोड दिइनेछ । उपभोक्ता समितिको न्यूनतम लागत सहभागितामा पूर्वाधारका आयोजनाहरु संचालन गरिनेछ । न्यूनतम दश प्रतिशत भन्दा बढी जनसहभागिता जुटाउने उपभोक्ता समितिलाई प्राथमिकता दिई आयोजना स्वीकृत गरिनेछ ।
- महानगरपलिकाको कार्यालय र बैठक कक्ष विस्तार तथा आधुनिकीकरण गरिनेछ ।
- वडा नं. ३२ को रामवन देखि भेडाहा खोला सम्मको जंगल क्षेत्रमा पिक्निक स्पर्ट, मनोरन्जन पार्कका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिनेछ ।
- पुरानो बसपार्कको जमिनमा व्यवस्थित पार्किङ र कियोर्स फस्टफुड बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

- विकास निर्माणको कार्यलाई तोकिएको समयमा निर्धारित मापदण्ड र गुणस्तर बमोजिम सम्पन्न गर्न प्रभावकारी अनुगमन गरिनेछ। मापदण्ड पुरा नगर्ने निर्माण कम्पनीलाई समेत कालोसूचीमा राखी कारवाही प्रकृया अगाडि बढाईनेछ।
- नक्शा पास प्रकृयालाई चुस्त र भरपर्दो बनाउन EBPS (Electronic Building Permit System) लाई उपयोग गरिने छ।
- बीरगंज महानगरपालिकाबाट संचालित आयोजनाको अनिवार्य रुपमा गुणस्तर परिक्षण गराउने व्यवस्था गरिनेछ र परिक्षणको रिपोर्टमा गुणस्तरीय आए पश्चात मात्र भुक्तानी प्रकृया अघि बढाईनेछ।
- नेपाल सरकार र प्रदेश सरकारसँगको सहकार्यमा जनता आवस कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- मानव सेवा आश्रमको भवन निर्माणमा महानगरपालिकाबाट सहयोग गरिनेछ।
- खरिद प्रकृया E- BIDDING प्रयोग गरेर थप चुस्त र पारदर्शी बनाईनेछ।
- वीरगंजको वैकल्पिक वजारको रुपमा ग्रामिण क्षेत्रका वडाहरुलाई केन्द्रमा राखेर नगर विकासको योजना वनाइनेछ।
- नगर प्रहरीको कामलाई व्यवस्थित गर्न महानगरपालिका भित्रको यान्त्रिक कार्यालय माथि नगर प्रहरीको आवासका लागि व्यारेक निर्माण गरिनेछ।
- महानगपालिकाले विकास निर्माणको कामलाई प्राथमिकताका आधारमा सूचिकृत गर्न "**परियोजना बैंक"** को स्थापना गरिनेछ।
- तत्कालीन, दिर्घकालीन, वहुवर्षीय योजनाहरुको सूचिकृत गरी विकास निर्माणका कामलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- हरेक वस्तीमा दमकल, एम्वुलेन्स सहज रुपमा पुग्नेगरी सडकहरुको स्तरोन्नती गरी सुरक्षित वस्ती विकास गरिनेछ।
- राष्ट्रिय भवन संहिताको अनिवार्य रुपमा पालना गरिनेछ।

**४१) वन वातावरण तथा विपद व्यवस्थापन**

- प्रत्येक वडामा न्यूनतम एक सार्वजनिक शौचालय र सार्वजनिक स्थल उपलब्ध भए सम्म एक हरियाली पार्क निर्माण गर्ने नीति लिइनेछ।
- महानगरपालिकाको वडा नं. १६ मा रहेको ल्यान्ड फिल्ड साईटमा फोहोर मैलाको दिगो व्यवस्थापन गरिएको छ। यसै गरी बैकल्पिक उर्जा केन्द्र र वीरगंज महानगरपालिकाको सहकार्यमा ल्यान्ड फिल्ड साईटमा वायोग्यास प्लाण्ट निर्माण कार्य आगामी आर्थिक बर्ष भित्रमा सम्पन्न गरिनेछ।

- वीरगंजका अस्पतालबाट निस्कने संक्रमणजन्य फोहोर व्यवस्थापनको लागि यसै बर्ष महानगरपालिकाले नगवामा रहेको ल्याण्ड साइटमा ग्रीन हस्पिटल वेस्ट मेनेजमेन्ट सेन्टर निर्माण कार्य आगामी आर्थिक बर्ष भित्रमा संचालनमा ल्याईनेछ ।
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धनमा जोड दिई यस कार्यमा स्थानीय संघ संस्थाहरुलाई परिचालन गर्दै ऐलानी, पर्ती, नदिको किनारका जमिन तथा व्यक्तिको निजी जग्गामा समेत वन लगाउने विशेष कार्यक्रम ल्याईनेछ ।
- विकास र विपद् व्यवस्थापनलाई एकीकृत ढंगले संचालन गरि विपद जोखिम न्यूनीकरण गरिनेछ ।
- वारुणयन्त्र सेवालाई प्रभावकारी बनाइनेछ । उद्योग, कलकारखानालाई आवश्यक परेको बेला तत्काल प्रयोग गर्न सहज हुने स्थानमा वारुणयन्त्र राख्न वीरगंज उद्योग वाणिज्य संघसँग समन्वय गरिनेछ ।
- विपद व्यवस्थापनका लागि स्थानीय प्रशासन लगायत विभिन्न निकायसँग समन्वय गरी उद्धार, खोज, राहतका कार्यलाई प्रभावकारी वनाउनका लागि आवश्यक व्यवस्था गरिनेछ । नगर प्रहरी र दमकलमा कार्यरत जनशक्तिलाई क्षमता अभिवृद्धि सम्वन्धी तालिम र अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- न्यूनतम आवश्यक सामग्रीको व्यवस्था सहित सम्पूर्ण वडामा विपद व्यवस्थापन समिति गठन गरि जिम्मेवार बनाइनेछ ।
- भान्साघरबाट निस्कने फोहोरलाई घरभित्र व्यवस्थापन गर्न टोल विकास संस्था, निजी साझेदारी अवधारणा अनुसार कार्यक्रम संचालन गरिनेछ ।
- वातावरणीय स्वच्छताको लागि मौसम परिवर्तन सम्बन्धि जनचेतना, औधोगिक प्रदुषण र वायु तथा पानीको गुणस्तर परीक्षण, प्लाष्टिकजन्य फोहर न्यूनीकरण जस्ता कार्यक्रम संचालन गरिनेछ ।
- स्वच्छ तथा हराभरा वीरगंजको अवधारणा अनुसार वृक्षारोपण, नर्सरी निर्माण जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ । यस कार्यमा वडा कार्यालयलाई जवाफदेही र जिम्मेवार बनाईनेछ ।
- फोहरमैला व्यवस्थापन कार्यलाई अझै प्रभावकारी बनाउन जनचेतना कार्यक्रम संचालन गरिनेछ ।
- प्रकृतिक श्रोत व्यवस्थापनसँग सम्वन्धित क्षेत्रमा विद्यावारिधि तहको अध्ययन, अनुसन्धान र सोध पत्र तयारी गर्न गराउन आवश्यक सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- गरिव तथा निम्न आय भएका व्यक्तिहरुको घरमा स्वच्छ खानेपानी उपलव्ध गराउने कार्यक्रम अन्तरगत एक हजार घरमा चापाकल जडान गरिनेछ ।

- कानुनले निर्दिष्ट गरेको वाहेक प्लास्टिकजन्य सामाग्रीको उत्पादन र वितरणमा रोक लगाइनेछ ।

- सार्वजनिक जमिनमा हरियाली, सडकको दाँयाबायाँ फल दिने विरुवा लगाइनेछ ।

**४२) सुशासन तथा संस्थागत विकास**

- नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्वन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय सरकारबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै पारदर्शी र जनमुखी नेतृत्वको विकासका लागि स्थानीय शासन पद्धतिलाई व्यवस्थित गर्न स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरिनेछ ।
- आम नागरिकहरुको प्रत्यक्ष सम्बन्ध रहेको संस्था नै स्थानीय तह हो । स्थानीय सरकारबाट प्रवाह गरिने सेवामा सरलता, विकास निर्माणका कार्यमा गुणस्तरीयता एवं परिणाममुखी बनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी र सहभागितामूलक बनाउने कुरामा महानगरपालिका सदैव प्रयत्नशील रहनेछ ।
- आगामी आर्थिक बर्षदेखि महानगरले स्वीकृत गरेका नीति तथा कार्यक्रमहरुको अर्द्धवार्षिक एवम् वार्षिक समीक्षा गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा सूचना प्रविधिको प्रयोग, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्रको व्यवस्था गरि सार्वजनिक सेवालाई प्रभावकारी बनाईनेछ ।
- बैंक र वडा कार्यालयसँग समन्वय गरि सम्वन्धित वडाको पायक पर्ने स्थानमा रहेको बैंकमा खाता खोली सामाजिक सुरक्षा भत्ता समयमै उपलब्ध गराईनेछ ।
- न्यायीक समितिलाई क्षमतावान र क्रियाशील बनाई जनताहरुलाई छिटो छरितो तथा सर्वसुलभ रुपमा न्याय पाउने व्यवस्था मिलाईनेछ ।
- प्रत्येक वडामा मेलमिलाप समिति गठन गरिनेछ, मेलमिलाप समितिले समाधान गर्न नसकेका विवाद मात्र न्यायिक समितिले हेर्ने व्यवस्था मिलाइनेछ ।
- ***जनतासँग जनप्रतिनिधि*** कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ । स्थानीय एफएम रेडियो मार्फत हरेक वडामा पुगेर कार्यक्रम संचालन गरिनेछ । यस अभियान अन्तरगत ***जनता मेयर आमनेसामने*** कार्यक्रम संचालन गरिनेछ ।
- हाल कार्यरत नगरप्रहरीको क्षमताको परिक्षण गरि जिम्मेवारी वहन गर्न नसक्ने नगरप्रहरीलाई अन्य जिम्मेवारी तोकिने छ । महानगरको आवश्यकतालाई ध्यानमा राखी नगर प्रहरीको स्तरोन्नती र रिक्त दरबन्दीमा पदपूर्ती गरिनेछ ।

- दमकलमा कार्यरत जनशक्ति र नगर प्रहरीलाई स्रोत साधन, तालिम उपलब्ध गराई संस्थागत क्षमता विकास गरिनेछ । साथै सूचना आदान प्रदानमा सहजता ल्याउन संचार सेट उपलब्ध गराईनेछ ।
- महानगरपालिकाको लागि आवश्यक भौतिक सामग्री र उपकरण खरिदको ठेक्का लिएका सेवा प्रदायक कम्पनीले तोकिएको मापदण्ड भन्दा बाहिरको सामान खरिद गरेमा वा उपलब्ध गराएमा त्यस्ता कम्पनीलाई कालोसूचीमा राखी कानुन वमोजिम कार्वाही गरिनेछ ।
- नगर क्षेत्र भित्र छाडा रुपमा छोडिएका चौपाया र जनावरहरुलाई नियन्त्रण गर्न निजी क्षेत्रसँग सहकार्य गरीनेछ । यस कार्यमा नगर प्रहरीलाई जिम्मेवार बनाई अनुगमन गरिनेछ ।
- सार्वजनिक स्थान, सडक, बाटो, पेटी, बसपार्क जस्ता स्थलहरुमा फोहोर फाल्ने र सडक, पेटी र सार्वजनिक स्थलहरुमा फोहोर गर्नेलाई कडाईका साथ नियन्त्रण गर्न यस्ता कार्य गर्नेलाई कानुन अनुसार दण्डित गरिनेछ ।
- वीरगंज महानगरलाई चिनाउने वृत्तचित्र (डकुमेन्ट्री) तयार गरि प्रचारप्रसार गरिनेछ ।
- वीरगंज महानगरपालिकाले यस वर्ष पोखरा, भरतपुर र विराटनगर महानगरपालिकासँग भगिनी सम्वन्ध स्थापना गरिनेछ ।
- महानगरपालिकाले तय गरेको ऐन नियम कार्यान्वयनमा नगर प्रहरीलाई सहयोगीको भूमिकामा परिचालन गरिने छ ।
- नगरवासीको जनस्वास्थ्यको सुरक्षा, उपभोक्ता हित संरक्षणको लागि मूल्यसूची अनिवार्य खाद्य गुणस्तर कायम गर्ने, खाद्य मिसावट नियन्त्रण गर्ने, होटल, नास्ता खाजाघर, माछा, मासुजन्य पदार्थको विक्री वितरणलाई व्यवस्थित गर्ने, स्वास्थ्य क्लिनिक तथा घुम्ती स्वास्थ्य सेवा तथा महामारी नियन्त्रण गर्ने लगायतका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- संचारकर्मीको क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ । विभिन्न विधामा उत्कृष्ट संचारमाध्यम र संचारकर्मीलाई सम्मान र पुरस्कृत गरिनेछ ।
- नेपाल पत्रकार महासंघको संस्थागत विकासका लागि सहयोग उपलब्ध गराईनेछ । सामुदायिक रेडियो प्रसारक संघ र ब्रोडकास्टीङ अफ नेपाल (वान)सँगको साझेदारीमा एफएम रेडियोको क्षमता अभिवृद्धि र विपद् व्यवस्थापनमा सहयोग उपलब्ध गराईनेछ ।
- पत्रकारिता तथा आमसंचार विषयमा स्नातकोत्तर अध्ययन गर्न चाहने श्रमजीवी पत्रकारलाई छात्रवृत्ति उपलब्ध गराईनेछ ।

- स्वर्गीय पत्रकार गोपालचन्द्र गौतम प्रतिष्ठानको अक्षयकोषमा विशेष सहयोग उपलब्ध गराइनेछ ।

- स्थानीय संचारमाध्यमलाई उपलब्ध गराउदै आएको लोककल्याणकारी विज्ञापन यस वर्ष पनि निरन्तर दिइनेछ ।

- वीरगंज महानगरपालिकाले सम्पादन गरेको विकास निर्माण लगायत अन्य कामलाई **"हाम्रो वीरगंज,समृद्ध महानगर"** भन्ने कार्यक्रम स्थानीय रेडियोबाट साप्ताहिक र टेलिभिजनबाट पाक्षिक रुपमा उत्पादन तथा प्रशारण गरिनेछ ।

- वीरगंज महानगरपालिकाको प्रकाशन, प्रशारण र सूचना शाखाबाट साप्ताहिक रुपमा ई बुलेटिन प्रकाशन गरिनेछ ।

- स्थानीय संचारकर्मीलाई लेखनवृत्ति उपलब्ध गराईने छ । राष्ट्रिय संचारमाध्यममा प्रकाशन गर्नुपर्ने सूचना, विज्ञापन स्थानीय प्रतिनिधि मार्फत पठाउने व्यवस्था मिलाईने छ । यस कार्यलाई पारदर्शी रुपमा कार्यान्वयन गर्न आलोपालो पद्धती कायम गरिनेछ ।

- उपभोक्ताको हितलाई मध्यनजर राख्दै बजारको नियमित अनुगमन गरिनेछ ।

- महानगरपालिकाले सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी सार्वजनिक सम्पति, जग्गा, आदि लगायतको अभिलेख राख्ने कार्यलाई व्यवस्थित गरिने छ ।

- भूमिको वर्गीकरण गरी भूमि बैंकको स्थापना तथा सार्वजनिक जग्गाको संरक्षण गरिनेछ

**४३) राजश्व परिचालनका नीतिहरु**

- (कोभिड-१९) कोरोना भाइरस महामारीका कारण व्यापार व्यवसाय समेतमा प्रतिकुल असर परी व्यापारी, उद्योगी, व्यवसायीहरुमा ठूलो आर्थिक क्षति भएकोले सो समेतलाई ध्यानमा राखी होटल, पर्यटन व्यवसाय, विद्यालय, अस्पताल, सपिङमल, उद्योग र कलकारखानाको चालू आ.व.को सम्पत्ति करमा ५०% सम्म छुट दिने र अगामी आर्थिक वर्ष ०७८/०७९ मा पनि सम्पत्ति कर असूली प्रकृयालाई निरन्तरता दिइने छ ।
- सम्पत्ति कर र मालपोत (भूमिकर) मा चालु आ.व.मा पुस मसान्तभित्र कर बुझाउने करदाताहरुलाई कुल लाग्ने करमा ५% दिदैं आएको छुटको व्यवस्थालाई आगामी आ.व. २०७८/०७९ को पुस मसान्तभित्र कर बुझाउने करदाताहरुलाई १०% छुटको व्यवस्था मिलाईएको छ । सो अवधि भित्र कर बुझाएमा जरिवाना लाग्ने छैन । मालपोत ( भूमिकर), सम्पत्ति कर जस्तै व्यवसाय करमा पनि आर्थिक बर्ष २०७८/०७९ पुस मसान्त सम्म कर बुझाएमा १०% छुटको व्यवस्था मिलाउने नीति लिईएको छ ।

- करदाताहरुमा (कोभिड-१९) को कारण पर्न गएको मार्कालाई ध्यानमा राखी आर्थिक वर्ष ०७७/०७८ सम्म बाँकी बक्यौतामा लिईदैं आएको वार्षिक १५% जरिवाना लाई घटाई १०% मात्र जरिवाना लिने नीति लिइएकोमा यस आर्थिक वर्ष भित्र कर तिर्न नसकेका करदातालाई आर्थिक वर्ष ०७८/०७९ को पुस मसान्त भित्र कर बुझाएमा जरिवाना छुट दिने नीति लिईएको छ ।
- स्थानीय सरकार संचालन ऐन,२०७४ र निर्माण इजाजत कार्यविधि २०७५ वमोजिम यस कार्यपालिका वाट "घ" वर्गको इजाजत प्राप्त निर्माण सम्वन्धी कार्यमा निर्माण व्यवसायी समेतलाई कोभिड १९ को कारणले प्रतिकुल असर परेको कुरालाई मध्य नजर गरी निजहरुको ईजाजत पत्र नविकरणको हकमा समेत २०७७ चैत्र मसान्त भित्र नविकरण गराउन नसकेकाहरुको लागि आर्थिक वर्ष २०७८/०७९ को असोज मसान्त भित्र साविक बमोजिमकै रकम लिई नविकरण गर्न सक्ने निति अपनाईनेछ ।
- वीरगञ्ज महानगरपालिकाको राजश्व प्रशासन क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गर्दै लगिनेछ, करदाता सहयोगी डेस्कलाई प्रभावकारी बनाउदै करदातामैत्री प्रशासनको विकास गरी वार्षिक कार्ययोजनाका आधारमा राजस्व असुली कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
- महानगरपालिकाद्वारा असूल गरिने सम्पतिकर, व्यवसायकर, बहालकर लगायत विभिन्न करको क्षेत्रमा कार्य गर्ने कर्मचारीहरूको क्षमता विकासका लागि तालिम, गोष्ठी, अध्ययन भ्रमण गराउने र सम्पतिको विवरण, बहालकरको विवरण र व्यवसायीहरुको विवरण सङ्कलन गर्ने जस्ता कार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ ।
- महानगरपालिकाको क्षेत्र विस्तार भई महानगरपालिकाको स्वामित्वमा रहेका वडा नं. १ देखि ३२ भित्रका सम्पतिहरु (सार्वजनिक जग्गा, पाटि पौवा, कुलो, पैनी, नहर विद्यालय, मठ मन्दिर, मस्जिद, मदर्सा, चर्च, धर्मशाला तथा सार्वजनिक पोखरीहरु) आदिको अभिलेखिकरण गरी आफनो रेखदेख तथा नियन्त्रणमा राखिनेछ । साथै सार्वजनिक पोखरीहरुलाई महानगरपालिकाबाट ठेक्का प्रकृयाद्वारा सन्चालनमा ल्याईनेछ ।
- राजस्व कार्यालयलाई स्थानीय तह (वीरगंज महानगरपालिका) को करचुक्ता नगरेका करदातासँग कारोवार नगर्न अर्थ मन्त्रालय, अर्थ विभागबाट अधिसूचना ( Notification) जारी गराउन विगतमा लिएको नीति प्रभावकारी नहुँदा कर असूलीमा प्रत्यक्ष असर परी कर असूलीमा कमी आएकोले आर्थिक बर्ष २०७८/०७९ मा उक्त कार्यलाई समयमै सम्वन्धित निकायसंग समन्वय गरी महानगरपालिकाको कर चुक्ता नगरेका व्यक्ति, संघ संस्थाको कुनै किसिमको सिफारिस गरिने छैन ।
- घर बहालकरको छुट्टै सफ्टवेयरको व्यवस्था नहुँदा व्यवस्थित अभिलेख (लगत) गर्न र यथार्थ विवरण यकिन गर्न कठिन भएकोले आर्थिक वर्ष २०७८/०७९ देखि छुटै सफ्टवेयरको ब्यवस्था गरी बहालकरको अभिलेख अद्यावधिक गर्दै लगिनेछ ।
- आर्थिक बर्ष २०७६/०७७ साल देखि ई-रिक्सा, अटो रिक्सा, टेम्पो, लोडर, स्कुले भ्यान आदि तिनपाङ्गे सवारी साधनहरुको वीरगञ्ज महानगरपालिकामा दर्ता, नविकरण,

नामसारी, वाटो ईजाजत, जाँचपास, खारेजी एवं स्टोपेजको व्यवस्था जस्ता कार्यहरु शुरु भएतापनि पुर्ण रुपमा प्रभावकारी ढंगवाट सवै तिनपाङ्गे सवारी साधनहरु दायरा भित्र नआएका हुँदा आगामी आ.व.मा महानगरपालिका क्षेत्रभित्र आवश्यक पर्ने सवारी साधनको संख्या यकिन गरी नगर भित्र सञ्चालनमा रहेका सवै प्रकारका तिनपाङ्गे सवारीलाई स्थानीय सरकार सन्चालन ऐन, २०७४, सवारी यातायात व्यवस्था कार्यविधि, २०७६ र वीरगञ्ज महानगरपालिकाको आर्थिक ऐन, २०७७ ले दिएको अधिकार वमोजिम अनिवार्य महानगरपालिकामा दर्ता गर्नु पर्ने व्यवस्था मिलाईने छ ।

- उपभोक्तालाई सहज एवं सरल ढंगले सेवा उपलव्ध गराउन हाल सम्म कायम हुन नसकेको नयां भाडा दररेट कायम गरी विभिन्न अलग अलग स्थानहरुमा आवत जावत गर्दा उपभोक्तालाई कुन सवारी कुन स्थानमा जाने भन्ने पहिचान गर्न कठिनाई देखिएकोले वीरगञ्ज महानरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत सडक तथा यातायात व्यवस्था शाखावाट तय गरिएको वाटो र संकेत स्पष्ट गरी सेवा सन्चालन गर्ने नीति लिईनेछ ।
- सम्पती करको हकमा घर र घरले चर्चेको बढीमा दुईगुणा जग्गामा सम्पति कर र खालि जग्गामा भूमि कर (मालपोत) लगाईनेछ ।
- व्यवसाय करलाई समसामयिक र व्यवहारिक बनाई हालसम्म दर्ता नभएका तथा दर्ता भएका तर नविकरण नभएका व्यवसायका लागि २०७८ पुष भित्र दर्ता हुन आउनेलाई विगत ३ वर्षको व्यवसाय कर मात्र लिई जरिवानामा छुट गरिनेछ ।
- राजश्व परामर्श समितिलाई क्रियाशील वनाईने छ, जनमैत्री कर प्रणाली लागु गर्नका लागि विद्यमान कार्य प्रणालीमा सुधार गरिनेछ ।
- सम्पत्ति करको दायरा फराकिलो वनाई **"स्वेच्छिक सम्पत्ति घोषणा"** अभियानलाई प्रोत्साहन गरिनेछ ।
- आउँदो बर्ष देखि अनलाईन प्रणालीबाट कर संकलन गर्ने व्यवस्था मिलाइनेछ, नगरवासीलाई आफ्नो वडाबाट कर तिर्न सहज हुनेगरी वडा कार्यालयबाट कर लिने कार्य प्रारम्भ गरिनेछ ।
- कर संकलनको आधारमा आउँदो बर्ष देखि वडामा जाने वजेटमा विशेष व्यवस्था गरिनेछ ।
- नक्सापास दस्तुरलाई व्यवस्थित गरिनेछ । नक्सा पास नगरी घर वनाएका घरधनीलाई आगामी पुष मसान्त भित्रमा वनेको संरचना अनुसार नक्सा पास गर्न आएमा थप जरीवाना छुट गरिने छ ।
- असल कर दाताको पहिचान गरी यसै वर्ष देखि करदाताहरुलाई सम्मान गरिनेछ ।

- करको दायरा बढाउन घुम्ती टोलीको व्यवस्था, अनुगमन र करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- महानगरभित्र बसोबास व्यवसाय गर्ने करदातालाई जागरुक र कर तिर्ने बानी बसाल्न **मैले तिरेको कर मैरै टोल र नगरको विकासका लागि** भन्ने भावना जागृत गर्न स्थानीय आमसंचार माध्यमबाट कार्यक्रम संचालन गरिनेछ ।
- करको दायरालाई फराकिलो बनाउन, हरेक सेवाग्राहीलाई करको दायराभित्र ल्याउन सरोकार पक्षसँग सम्वाद, समन्वय गर्न तथा महानगरको आन्तरीक राजश्वलाई वृद्धि गर्न ***राजश्व समन्वय तथा अनुगमन समिति*** जिम्मेवार र जवाफदेही बनाईनेछ ।
- महानगरपालिकाले तोकेको फुटपाथमा व्यापार गर्ने व्यापारीलाई अस्थायी दर्ता प्रमाणपत्र उपलब्ध गराई करको दायारामा ल्याईनेछ ।
- आवासीय क्षेत्रमा हुने जोखिम न्यूनीकरणका लागि कुनै व्यक्ति वा फर्मले प्रज्ज्वलनशील पदार्थ वा वस्तु महानगरपालिकाको अनुमति नलिई वीरगंजमा भण्डारण गर्न पाईने छैन । अनुमति नलिई भण्डारण गरेको पाइएमा कानुन बमोजिम कार्वाही गरिनेछ ।

४४) राष्ट्रिय योजना आयोगले निर्दिष्ट गरे वमोजिमको त्रीवर्षिय खर्च संरचना यो वजेट तथा कार्यक्रमको अभिन्न अगं हुनेछ ।

**अध्यक्ष महोदय, तथा नगरसभा सदस्यज्यूहरु**

**४५)** अब म आगामी आर्थिक बर्ष ०७८/०७९ को अनुमानित कुल व्यय, क्षेत्रगत व्यय, मुख्य मुख्य आयोजना र श्रोत व्यवस्थापनको बारेमा प्रस्तुत गर्न गई रहेको छु । आगामी आर्थिक बर्ष ०७८/०७९ मा कुल रु. ३ अर्व ५५ करोड ३९ लाख ३७ हजार व्यय हुने अनुमान गरिएको छ । यसमा चालु तर्फ रु. १ अर्व ८६ करोड ३५ लाख ४२ हजार ९ सय अर्थात ५२.४४ प्रतिशत, पुँजीगत तर्फ रु. १ अर्व ६२ करोड ३३ लाख ३० हजार १ सय अर्थात ४५.६८ प्रतिशत र वितिय व्यवस्था तर्फ रु ६ करोड ७० लाख ६४ हजार अर्थात १.८८ प्रतिशत खर्च हुने अनुमान गरिएको छ

४६) कुल खर्च मध्ये आर्थिक विकास क्षेत्रमा रु. १० करोड ०८ लाख ३० हजार अर्थात २.८४ प्रतिशत, सामाजिक विकास क्षेत्रमा रु. १ अर्व १५ करोड ५८ लाख ७२ हजार अर्थात ३२.५१ प्रतिशत, पूर्वाधार विकास क्षेत्रमा रु. १ अर्व ३५ करोड ६६ लाख १८ हजार अर्थात ३८.१७ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धि क्षेत्र (वन, वातावरण तथा विपद् समेत) तर्फ रु १३ करोड ३२ लाख ७४ हजार अर्थात ३.७५ प्रतिशत र कार्यालय तर्फ रु. ८० करोड ७३ लाख ४३ हजार अर्थात २२.७३ प्रतिशत व्ययको अनुमान पेश गरेको छु ।

४७) आगामी वर्ष संचालनहुने मुख्य आयोजनाहरुमा RUDP रु. ४३ करोड ३३ लाख ९१ हजार, वडा स्तरीय योजना तथा कार्यक्रममा रु. २८ करोड २७ लाख ३४ हजार, मैचिङ्ग फण्ड रु. १७ करोड ६९ लाख २५ हजार, लक्षित कार्यक्रम रु ५ करोड ७६ लाख ५९ हजार, तराई मधेश समृद्धि

कार्यक्रममा रु. ३० लाख, सडक बोर्ड कार्यक्रममा रु २ करोड २९ लाख, रोजगार कार्यक्रम रु ७० लाख, वडा कार्यालय भवन तर्फ रु. ५ करोड, उज्यालो वीरगंज कार्यक्रम तर्फ रु. ४ करोड ७१ लाख, शैक्षिक विकास तर्फ रु. ६१ करोड २० लाख १० हजार, स्वास्थ्य तर्फ रु. २१ करोड ३० लाख १५ हजार,.कृषि विकास तर्फ रु १ करोड ५३ लाख ८० हजार, पशु सेवा विकास रु. २० लाख र जनसहभागितामा आधारित कार्यक्रम तर्फ रु. ४ करोड २० लाखको बजेट व्यवस्था मिलाएको छु । बजेटमा समावेश हुन नसकेका महत्वपूर्ण आयोजनाहरु Project Bank मा राखि श्रोतको उपलब्धता भए पछि क्रमशः कार्यान्वयन हुने व्यवस्था मिलाएको छु ।

४८) आगामी आर्थिक वर्षको अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये संघीय सरकारको वित्तिय समानिकरण रु. ४६ करोड ०१ लाख, राजश्व बाँडफाँड रु. २१ करोड २६ लाख ९८ हजार, सशर्त अनुदान रु. ७६ करोड ५१ लाख प्राप्त हुने अनुमान छ। त्यसै गरि प्रदेश सरकारबाट वित्तीय समानिकरण रु. ३ करोड २९ लाख ०९ हजार, सशर्त अनुदान तर्फ २ करोड, राजश्व बाँडफाँड तर्फ सवारी साधन रु. २ करोड २८ लाख ७४ हजार, नगर विकास अनुदान तर्फ ४० करोड ३० लाख ९१ हजार, सडक बोर्ड तर्फ २ करोड २९ लाख र युनिसेफ तर्फ रु. ३५ लाख प्राप्त हुने अनुमान छ । यसै गरी नगद मौज्दात तर्फ रु. ४७ करोड २८ लाख ६५ हजार र आन्तरिक आय तर्फ रु. ८६ करोड १६ लाखको अनुमान गरेको छु ।

४९) प्रस्तुत नीति, बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट वीरगंज महानगरको आर्थिक तथा सामाजिक विकासका पूर्वाधारहरु सृजना भई सभ्य र समृद्ध वीरगंजको विकासमा मद्दत पुग्ने विश्वास लिएको छु । यसैगरि स्थानीय शासनको प्रवर्द्धन र लोकतन्त्रको सबलीकरण हुने विश्वास लिएको छु ।

**२०७७/०७८ को समीक्षा**

आन्तरिक आय तर्फ रु. ५९ करोड ७५ लाख अनुमान गरिएकोमा ११ महिनाको अवधिमा रु. ४१ करोड ३२ लाख १३ हजार मात्र आय भई ६९.१६ प्रतिशत प्रगति भएको छ ।

**संघीय र प्रदेश सरकारसँग गरिएको अपेक्षा**

अध्यक्ष महोदय,

५०) सुशासन, विकास र समृद्धिका लागि संविधानको भावना वमोजिम संघीय र प्रादेशिक सरकारबाट समन्वय, सहकार्य र सहअस्तित्वको अपेक्षा गरेका छौं । स्थानीय जनताले सबै काम नजिकको सरकारको रुपमा रहेको वीरगंज महानगरपालिकाबाट अपेक्षा गरेको हुँदा महानगरलाई पर्याप्त साधन स्रोत उपलब्ध गराउन अनुरोध गर्दछु । यसका साथै महानगरपालिकाको संस्थागत विकासका लागि संघ र प्रदेशबाट सहयोगको अपेक्षा राखेको छु । तीन तहको सरकारको सहअस्तित्वको मूल्य र मान्यतामा वीरगंज महानगरपालिका समन्वय, सम्वाद र सहकार्यका लागि निरन्तर लागिरहने प्रतिवद्धता व्यक्त गर्दछु ।

५१) संघ र प्रदेश सरकारबाट अपेक्षा गरेका महत्वपूर्ण कार्यक्रम तथा योजनालाई सफल वनाउन संघीय र प्रदेश सरकारसँग निरन्तर सम्वाद गरिनेछ । संघीय र प्रदेश सरकारसँग अपेक्षा निम्न रहेको छ ।

- ठाकुरराम बहुमुखी क्याम्पसलाई आधार वनाई वीरगंज विश्वविद्यालय संचालन गर्न प्रदेश र संघीय सरकार तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।
- वीरगंजमा इन्जिनियरिङ (Engineering) कलेज स्थापनाका लागि सम्भाब्यता अध्ययन गर्न सम्बन्धित मन्त्रालय लगायत सरोकारवालासँग छलफल गरी आवश्यक प्रक्रिया अगाडि बढाईनेछ ।
- उद्योग, कलकारखानामा चाहिने जनशक्ति उत्पादन गर्न वीरगंजमा प्राविधिक कलेजको स्थापना गर्न वीरगंज उद्योग वाणिज्य संघ लगाएत संघीय, प्रदेश सरकार र अन्य निकायसँग समन्वय गरिनेछ ।
- घना वस्तीको वीचमा रहेको वीरगंज कारागारलाई अन्यत्र स्थानान्तरण गर्न संघीय सरकारसँग पत्राचार गरिनेछ । त्यसको विकल्पमा वीरगंज महानगरपालिकाले उपयुक्त ठाउँमा स्थान छनौटको लागि सहजीकरण गरिनेछ ।
- सिर्सिया करिडोर निर्माणको लागि त्यसको डिपिआर तयारगर्न संघीय सरकारलाई प्रस्ताव पेश गरिएको छ । सिर्सिया रिभर फ्रण्ट आयोजना लाई बहुवर्षीय लगानी योजना सहित यसक्षेत्रलाई आर्थिक, पर्यटकीय तथा वातावरणीय योजनाको रुपमा विकास गर्न संघीय सरकारसँग पहल गरिनेछ ।
- वीरगंजमा अन्तर्राष्ट्रिय स्तरको नगर सभाहल र व्यापारिक प्रर्दशनी केन्द्र स्थापनाका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ । यसमा निजी क्षेत्रलाई समेत सहभागी गराईनेछ ।
- डिपिआर तयार भैसकेको परवानीपुर कृषि मण्डीको निर्माण गर्न संघीय सरकारसँग सहकार्य गरिनेछ ।
- संघ र प्रदेश सरकारसँगको सहकार्यमा अतिविपन्न गरिव र दलित समुदायको लागि आवास निर्माणका लागि विशेष पहल गरिनेछ ।
- वीरगंजमा ट्रान्सर्पोट नगर निर्माणका लागि संघीय र प्रदेश सरकारलाई प्रस्ताव पेश गरिनेछ । यस कार्यका लागि वीरगंज उद्योग वाणिज्य संघ र ट्रान्सर्पोट ब्यवसायी वीच

सहकार्य गर्न सार्वजनिक निजी साझेदारी नीति अनुसार ट्रान्सपोर्ट नगर विकास गर्न मार्ग खुला राखिनेछ ।

५२) अन्त्यमा प्रस्तुत बजेट तर्जुमा गर्दा महत्वपूर्ण राय सुझाव दिन हुने प्रदेशका माननीय सांसदज्यूहरु, राजनीतिक दलका नेतागण, वीरगंज उद्योग वाणिज्य संघका पदाधिकारी, नागरिक समाजका अगुवा व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरि महानगरको कार्यपालिका तथा नगरसभाका जनप्रतिनिधि साथीहरु, महानगरपालिकाका सल्लाहकारहरु, कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । महानगरको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउनु हुने करदाता, नगरवासी, बुद्धिजीवी, संचारकर्मी, विकासका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारहरु र स्थानीय प्रशासनप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै यो बजेट कार्यक्रम कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

**धन्यवाद ।**